# ३२. श्री बुद्धिनारायण श्रेष्ठ

*[संवत् २०५८ साल कार्तिक २ गते रोज ५ का दिन आयोजित समारोहमा 'नेपालको सिमाना' भन्ने ग्रन्थको लागि प्रदान गरिएको संवत् २०५७ सालको 'मदन पुरस्कार' त्यसका रचयिता श्री बुद्धिनारायण श्रेष्ठले ग्रहण गरेपछि व्यक्त गर्नुभएको उद्गार। यो उद्गार 'नेपाली' त्रैमासिक अङ्क १६८ बाट उद्धृत गरिएको हो।]*

आदरणीय महानुभावहरू !

सर्वप्रथमत: यहाँहरू समक्ष म के निवेदन गर्न चाहन्छु भने यो मदन पुरस्कार मैले पाएको होइन तर मैले लेखेको पुस्तक 'नेपालको सिमाना' ले पाएको हो। म यस कुरामा दृढ छु र यहाँहरू पनि मेरो यो भनाइमा सहमत हुनुहुन्छ होला भन्ने विश्वासमा छु। कारण, मैले पुरस्कार पाउने भए पहिले नै पाइसकेको हुने थिएँ हुँला किनकि मैले पहिले पनि एकाध पुस्तक लेखेर प्रकाशित गरेको थिएँ र बेला-बेलामा आफ्नो अभिरुचिको विष्यवस्तुसम्बन्धी लेख-रचना लेख्ने तथा प्रकाशन गराउने गरेको थिएँ र अझै पनि गर्दै छु। तर यस पुस्तकले चाहिँ पुरस्कार प्राप्त गरेको हुनाले 'नेपालको सिमाना' नामक पुस्तकले नै मदन पुरस्कार-२०५७ पाएको प्रमाणित हुन पुगेको छ। यसका लागि पुस्तक लेखकका हैसियतले मदन पुरस्कार गुठीप्रति श्रद्धा तथा हार्दिक आभार व्यक्त गर्दछु।

पहाडी ओखलढुङ्गा जिल्लाबाट आएको काठमाडौँमा टेक्ने अखेटो र समात्ने लहरो नभएको आफ्नै बलबुतामा बाँचेको मजस्तो बबुरो व्यक्तिले लेखेको पुस्तकले मदन पुरस्कार जस्तो राष्ट्रिय पुरस्कार प्राप्त गर्न सकेकोले मदन पुरस्कार गुठीले दाहिने-बायाँ केही नहेरी रचना तथा कृतिलाई हेर्दो रहेछ, यसको गुदीलाई पहिल्याउँदो रहेछ, यसैलाई मूल्याङ्कन गर्दोरहेछ र गुठीको तराजुमा तौलिँदा यो सर्वश्रेष्ठ तरिकाले मूल्याङ्कनयोग्य छ भन्ने सर्वसम्मत भएमा पुरस्कृत गरिँदो रहेछ भन्ने प्रमाणित भएको ठान्दछु। यो कुरा मैले मेरो पुस्तकले यो पुरस्कार पाएर भनेको होइन, तर गत विगतमा पुरस्कृत भएका कृति तथा रचनाहरू अध्ययन गर्दा र ती लेखक तथा रचनाकारहरूमध्ये केहीसँग वार्तालाप गर्दा पनि मैले यही कुराको जानकारी पाएकोले यो तथ्य अभिव्यक्त गरेको हुँ।

अब कुरा रह्‍यो मेरो पुस्तकको विषयवस्तुको। नेपालको सिमाना नबाँधिएमा नेपालीको अस्तित्व रहँदैन, नेपालको सीमारेखा चुँडालिएमा हामी नेपालीहरू तितरबितर हुन पुग्छौं। यस्तै नेपाली भूमि चिथोरिएमा नेपाली नागरिक गैरनेपाली हुन जाने, नेपाली भू-भाग अतिक्रमण भएमा नेपाली जनता थिचोमिचोमा पर्न सक्ने सर्वविदितै कुरा हो; चाहे यो कुरा हाम्रो घनिष्टतम दुई छिमेकी देश चीन होस् या भारतबाट।

मैले मेरो पुस्तकमा सुगौली सन्धि तथा यससँग सम्बन्धित अन्य पूरक सन्धि सम्झौताहरूमा उल्लिखित हाम्रो देशको साँध-सिमानाबारे लेखिएको नेपालको इतिहासलाई भूगोल र नक्साद्वारा बोल्न लगाउने र ती सन्धिताकाका विभिन्न ऐतिहासिक नक्साहरूले नेपालको वास्तविक तत्कालीन सीमारेखाबारे के भनेको छ भन्ने तथ्य उजागर गर्ने प्रयत्न गरेको छु। यस्तै नक्साको बोलीलाई भाषान्तर गरी अक्षरमा लिपीवद्ध गरेर कुनै नक्साले के भन्छ भन्नेबारे दोभाषेको काम गरेको छु। यसबाहेक नेपालको सीमा समस्या कहाँ के कस्ता छन् र तिनलाई अन्तर्राष्ट्रिय सीमा सिद्धान्तको परिप्रेक्ष्यमा कसरी निदान गरिनुपर्ला भन्ने आफ्नो औकातअनुसारको मन्तव्य र सुझाव पनि पुस्तकमा व्यक्त गरेको छु। अहिले यस घडीमा पनि यिनै भावनाहरू व्यक्त गर्न चाहन्छु।

यस सन्दर्भमा हाम्रो देशको सीमारेखालाई सदैव सुरक्षित र निश्चित राख्नमा यो पुस्तकले अलिकति भए पनि सहयोग पुऱ्याउन सकेको छ कि भन्ने ठानेको छु। यसले हाम्रो मुलुकको राष्ट्रिय अखण्डता र सार्वभौमिकताको भावना समाजमा जागृत गर्न केही हदसम्म मद्दत पुऱ्याएको छ कि भन्ने पनि अन्दाज लिएको छु। यसका साथै आफ्नो देशको सिमाना सम्बन्धमा अभिरुचि राख्ने र सीमा समस्याका कारणहरू र यसको वास्तविक वस्तुस्थिति जान्न चाहने व्यक्तिहरूको जिज्ञासा अलिकति भए पनि मेट्न सकियोस् भन्ने ध्येयले यो पुस्तक लेख्ने कोसिस गरेको कुरा मैले पुस्तकको आफ्नो भनाइमा उल्लेख गरेको छु।

अब बाँकी रह्‍यो मेरो पुस्तकले यस्ता जिज्ञासाहरू केही मात्रामा मात्र भए पनि मेट्न सकेको छ या छैन। यो पुस्तक जो जसले पढ्नुभएको छ ती पाठकहरूले नै मूल्याङ्कन गर्ने कुरा हो। विभिन्न पाठकहरूले मेरो पुस्तक आवश्यक मात्रामा खरिद गर्नुभएको कुरा यहाँ भन्न पाउँदा मलाई खुसी लागेको छ। २०५७ भाद्र २८ गते विमोचित तथा २,००० प्रति प्रकाशित यो पुस्तक श्रद्धेय पाठकहरूको अभिरुचिका कारणले पुस्तकपसलहरूमा दिएको सीमित सङ्ख्यामा बाहेक आजका मितिमा मेरो भण्डारमा १६० थान बाँकी रहेका छन्। स्वदेशका केशर पुस्तकालय, नेपाल राष्ट्रिय पुस्तकालय, मदन पुरस्कार पुस्तकालय, त्रिवि केन्द्रीय पुस्तकालय जस्ता विभिन्न संस्थाहरू तथा सरकारी निकायहरूका साथै अमेरिकाको लाइब्रेरी अफ काङ्ग्रेस पुस्तकालय, नेसनल जियोग्राफिक सोसाइटी, युनिभर्सिटी अफ वासिङटन सियाटल तथा ब्रिटिस लाइब्रेरी, लन्डनले पनि रिफरेन्सका रूपमा यो पुस्तकको आवश्यक प्रति

खरिद गरेका छन्। कतिपय पाठकहरूबाट पुस्तकभित्र विषयवस्तु सम्बन्धमा मौखिक तथा लिखित रूपमा समेत प्रतिक्रिया तथा सुझाव प्राप्त भएकाले मेरो हौसला बढेको छ।

यो अवसरमा मेरो पुस्तकका सम्पूर्ण श्रद्धेय पाठकहरूमा नम्रतापूर्वक धन्यवाद ज्ञापन गर्न चाहन्छु। साथै हाम्रो राष्ट्रियतासँग गाँसिएको नेपालको समग्र सिमानाप्रति अभिरुचि राख्ने अन्य बाँकी महानुभावहरूमा यो पुस्तक एकपटक पढिदिनुहुन पनि विनम्र अनुरोध गर्दछु।

अर्को कुरा म के भन्न चाहन्छु भने यो पुस्तक लेख्ने क्रममा विभिन्न सूचनामूलक जानकारी तथा तथ्याङ्क सङ्कलन गर्ने, सामग्री बटुल्ने, पाण्डुलिपि तयार गर्नेसमेत सुरुदेखि अन्त्यसम्मका सम्पूर्ण काममा मैले कुनै ज्यामी लगाएको छैन र यसमा खेताला, कामदार र जन पनि नलगाएको कुरा उल्लेख गर्दछु। मैले यहाँ घमण्ड दर्साउन खोजेको होइन तर आफ्नो काम आफैँले गर्नुपर्छ, आफ्नो कृति आफैँले तयार पार्नुपर्छ भन्ने भावनाले मलाई उत्प्रेरित गरेको कुरा मात्र भन्न खोजेको हुँ।

मेरो पुस्तक पुरस्कृत भएकोले ममाथि जिम्मेवारी थपिएको महसुस गरेको छु। यो जिम्मेवारी बहन गरिराख्नु र पुरस्कारको मर्यादा थापिराख्न यस फाँटमा अझ अरू केही गर्नुपर्ने आवश्यकता परेको देखेको छु। यस सिलसिलामा नेपालको सिमानासम्बन्धी अझ अरू अध्ययन, अनुसन्धानको जमर्को गर्ने व्यहोरा व्यक्त गर्दछु। यस्ता अध्ययनबाट प्राप्त नयाँ तथा ऐतिहासिक तथ्यहरू आफ्नो सर्वसाधारण जनमानसमा जानकारी गराउने प्रतिबद्धता जाहेर गर्दछु र देशको राष्ट्रिय सिमानासम्बन्धमा जनचेतना अभिवृद्धि गराउन प्रण गर्न चाहन्छु।

अन्त्यमा २०२५ सालमा मदन पुरस्कारबाट सुशोभित भइसक्नुभएका तथा 'जगदम्बा-श्री' पुरस्कारबाट आजै सम्मानित हुनुभएका साविक पश्चिम ३ नम्बर पोखराका जनकविकेशरी श्री धर्मराज थापाज्यूमा पूर्व ३ नम्बर ओखलढुङ्गाको म बुद्धिनारायण श्रेष्ठले हार्दिक बधाई तथा शुभकामना व्यक्त गर्ने अवसर छोपेको छु। मेरो पुस्तक 'नेपालको सिमाना' संवत् २०५७ को मदन पुरस्कारद्वारा पुरस्कृत भएकोमा मदन पुरस्कार गुठीलाई दिलैदेखि श्रद्धापूर्वक पुनः एकपटक धन्यवाद दिँदै आभार प्रकट गर्दछु। नेपाली साहित्य, कला तथा वाङ्मयको अभिवृद्धि गरी यस क्षेत्रको विकास गर्नमा मदन पुरस्कार गुठी सदैव सफल र सार्थक रहोस् भन्ने कामना पनि अन्तस्करणदेखि नै गर्दै आफ्नो भनाइ टुङ्ग्याउने अनुमति माग्दछु।

धन्यवाद !